# स्थानीय सरकार
# मध्यपुर थिमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, भक्तपुर

## निःशुल्क वितरण गरिने औषधी तथा स्यानिटरी प्याड खरिद सम्वन्धी
## सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७७।०२।२९

यस नगरपालिकाको लागि निशुल्क बितरण गर्ने औषधीहरु तथा स्यानिटरी प्याड आवश्यकता भएको हुंदा ईच्छुक व्यक्ति, फर्म, संस्था, कम्पनी वा निर्माता कम्पनीका अधिकृत विक्रेताहरुवाट तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि के कति दरमा उक्त औषधी तथा स्यानिटरी प्याड उपलब्ध गराउन सकिन्छ, यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र रितपूर्वकको सिलवन्दी दरभाउ पत्र यस न.पा. कार्यालयमा पेश गर्न हुन आह्वान गरिन्छ ।

तपसिल :

१. दरभाउ पत्र दस्तुर वापत तपशिल वमोजिमको रकम (फिर्ता नहुने गरि) बुझाई नविकरण भएको इजाजत पत्र, आयकर दर्ता र मूल्य अभिवृद्धी कर दर्ता भएको प्रमाणित प्रतिलिपिका साथ सूचना प्रकाशित भएको मितिले उल्लेखित म्याद भित्र यस कार्यालयको आन्तरिक नियन्त्रण तथा जिन्सी शाखाबाट कार्यालय समय भित्र दरभाउ पत्र खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउ पत्र प्रथम पटक सुचना प्रकाशित मितिले १५ औं दिनको कार्यालय समय भित्र यस न. पा. कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ । म्याद भित्र दर्ता भएको दरभाउ पत्र, अन्तिम मितिको भोलि पल्ट दिनको २:०० बजे यस कार्यालय तथा दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा नगरपालिकामा खोलिने छ । दरभाउ पत्रदाताहरुको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. दरभाउ पत्र जमानत वापत रु ३८७००।- (अठतीस हजार सात सय मात्र) रकम (पछि फिर्ता हुने) ने.वै.लि., थिमि शाखा ग-३-२३३०३००००००००३००००१ धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा “क” बर्गको बैंकले न.पा.को नाममा जारी गरेको कम्तिमा ७५ दिनको बैक जमानत (बैक ग्यारेन्टी) पेश गर्नुपर्ने छ ।

४. दरभाउ पत्र दाताले दरभाउ पत्रमा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षर लाई मान्यता दिने छ तथा कुनै शर्त राखि पेश भएको दरभाउ पत्र उपरको कारबाही नगरपालिकाको निर्णय अनुसार हुनेछ । केरमेट भएको ठाउँमा दरभाउ पत्र दाताको सहीछाप हुनु पर्नेछ ।

५. दरभाउपत्र खरिद, दर्ता र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

६. यस कार्यालयको हितलाई ध्यानमा राखि दरभाउपत्र आंशिक वा पूर्ण स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. दरभाउपत्र स्विकृत भएपछि संझौता गर्नु अगावै कबुल अंकको ५% (पछि फिर्ता हुने) ले हुन आउने नगद जमानत रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैकबाट जारी भएको परफरमेन्स बण्ड पेश गर्नुपर्ने छ ।

८. शिलबन्दी दरभाउपत्रको कागजात पेश गर्दा खाममा स्पष्ट संग कार्यालयको नाम, ठेक्का नं., कामको विवरण तथा बोलपत्र दाताको नाम र ठेगाना खुलाई शिलबन्दी गरिएको हुनुपर्ने छ ।

९. म्याद नाघी आएको,रित नपुगेको र सर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१०. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामवाट दाखिला गर्न पाईने छैन ।

११. यसमा उल्लेखित बाहेक अन्य विषयहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

१२.औषधीहरु अनिवार्य जि.एम.पि.सर्टिफाईड भएको हुनु पर्ने छ । साथै औषधीको म्याद गुज्रने मिति कम्तिमा १८ (अठार) महिना बाँकी भएको हनु पर्ने छ ।

१३. अन्य थप केही कुराहरु बुझ्न परेमा यस न.पा.को आन्तरिक नियन्त्रण तथा जिन्सी शाखामा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

द्रष्टव्यः थप जानकारीको लागि न.पा.को Website- madhyapurthimimun.gov.np हेर्नु हुन ।

**तपशिल**

| क्र.सं | जिन्सी सुचना नं. | सामानको विवरण | आवश्यक संख्या | खरिद गर्ने रकम (भ्याट सहित) | दरभाउपत्र दस्तुर | दरभाउ पत्र खरिद तथा दाखिला गर्ने म्याद |
|---|---|---|---|---|---|---|
| १. | जि०४/०७६/०७७ | निःशुल्क बितरण गर्ने औषधि तथा स्यानिटरी प्याड | | रु.१२,८९,९९१- | १,०००।- | १५ दिन |